यांङवरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थर्पु,पाँचथर
कोशी प्रदेश, नेपाल

प.सं.: ०८३/०८४
च.नं. : ०६ २०८३-८४

मिति : २०८३ /०४/२१
नेपाल संवत ११४६ दिल्लागा, अष्टमी बिहिबार

**बिषयः खोपकर्ता (भ्याक्सिनेटर) नियुक्तिका लागि आवेदन पेश गर्ने सम्वन्धि सूचना ।**

सूचना प्रकाशित मिति २०८३/०४/२१

निवेदन पेश गर्ने अन्तिम मिति २०८३/०४/२७

प्रस्तुत विषयमा, चालु आ.व. २०८३/०८४ मा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, फिदिम, पाँचथरको आयोजना तथा यस याङवरक गाउँपालिकाको समन्वयमा संचालन हुने **गाइ/भैसीमा खोरेत, भेडा/बाख्रामा पि. पि. आर. र बंगुरमा क्लासिकल स्वाइन फिबर रोग बिरुद्धको खोप** संचालन गर्न पशु स्वास्थ्य कार्यक्रम कार्यबिधि , २०७५ र खोरेत रोग नियन्त्रण आयोजना संचालन कार्यबिधि ,२०८१ अनुसार खोपकर्ता नियुक्ति गरि खोप कार्यक्रम संचालन गर्नुपर्ने भएको हुदाँ खोपकर्ता नियुक्त भइ काम गर्न इच्छुक ग्रा.स्वा.का/ भि.जे.टी.ए./ Deploma in animal science/ पशु चिकित्सकहरुले भ्याक्सिनेटर नियुक्तिका लागि आबश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै खोपकर्ताको पारिश्रमिक तथा अन्य व्यबस्थापन विज्ञ केन्द्रबाट हुनेछ ।

## आबश्यक कागजातहरु

१ निवेदन
२प्राविधिक शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी
३ नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

## थप जानकारीका लागि सम्पर्क नम्वरहरु

आलोक कुमार यादव (सहायक पशु विकास अधिकृत) ९८०५९७११६८
इन्दिरा पौडेल (पशु स्वास्थ्य प्राविधिक) ९८६८६७५०६३
कुमार बिष्ट (पशु सेवा प्राविधिक) ९८६२८५१३४४

२०८३/०४/२१
.................
रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत